# आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा, २०८२

**(Basic Level Education Promotion Exam, 2082)**

**वीरेन्द्रनगर नगरपालिका, सुर्खेत**

**कक्षा:** ८ (Class 8) — **पूर्णाङ्क:** ५०

**विषय:** स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (Health, Physical and Creative Art) — **समय:** २ घण्टा

---

***सबै प्रश्नको उत्तर दिनुहोस् । (Answer the all Questions)***

## समूह (क) (Group A)

**अति छोटो उत्तर आउने प्रश्नहरू (Very short answer question)** १०×१=१०

प्र.नं.१. मानव शरीरको कुन ग्रन्थीलाई गुरू ग्रन्थी भनिन्छ ? (Which gland is called master gland of human body?)

प्र.नं.२. अण्डकोषले कुन-कुन हर्मोन उत्पादन गर्छ ? (Which hermones are produced by testes?)

प्र.नं.३. पूर्ण सरसफाइ भनेको के हो ? (What is the total sanitation?)

प्र.नं.४. रतन्धो कुन भिटामिनको कमीले गर्दा लाग्दछ ? (Lack of which vitamin causes night blindness?)

प्र.नं.५. उच्च रक्तचाप हुने कुनै दुईओटा कारणहरू लेख्नुहोस् । (Write any two causes of high blood pressure?)

प्र.नं.६. प्राथमिक उपचार भनेको के हो ? (What is first aid ?)

प्र.नं.७. कवाज भन्नाले के बुझिन्छ ? (What do you mean by drill ?)

प्र.नं.८. 'खो खो' खेलको एक टिममा खेल्ने खेलाडीको सङ्ख्या कति हुन्छ ? (How many players are there in each team of Kho-Kho game?)

प्र.नं.९. थाट भनेको के हो ? (What is thaat?)

प्र.नं.१०. कोलाज बनाउन आवश्यक पर्ने कुनै दुई स्थानीय सामग्रीको नाम लेख्नुहोस् । (Write any two local materials needed to make a collage.)

## समूह (ख) (Group B)

**छोटा उत्तर आउने प्रश्नहरू (Short answer question)** १०×२=२०

प्र.नं.११. स्नायु प्रणाली भनेको के हो ? यसको कुनै एक कार्य उल्लेख गर्नुहोस् । (What is nervous system ? Mention any one function of it's.)

प्र.नं.१२. विद्यालय स्वास्थ्य छनोट परीक्षणका कुनै २ महत्व लेख्नुहोस । (Write any two importance of school health screening test.)

प्र.नं.१३. झाडापखालाबाट बच्ने कुनै दुई उपायहरू लेख्नुहोस् । (Write down any two preventive measures of diarrhoea.)

(क्रमशः)

प्र.नं.१४. कुन अवस्थामा सुरक्षित गर्भपतन गर्न सकिन्छ ? कुनै दुई बुँदामा लेख्नुहोस् । (Under what conditions can a safe abortion be performed? Write any two points)

प्र.नं.१५. शारीरिक व्यायमका कुनै दुईओटा फाइदाहरू लेख्नुहोस् । (Write any two advantages of physical exercise.)

प्र.नं.१६. प्याराग्लाइडिङ्ग र प्यारासुटबिचका कुनै दुईओटा भिन्नताहरू लेख्नुहोस् । (Write any two differences between paragliding and parachuting.)

प्र.नं.१७. हलासनका कुनै दुई फाइदाहरू लेख्नुहोस् । (Write any two advantages of Halasan.)

प्र.नं.१८. तपाईंको समुदायमा गाइने कुनै एक लोकप्रिय गीतको चार हरफ लेख्नुहोस् । (Write four stanza of a popular folk song in your community.)

प्र.नं.१९. भलिवल खेलका कुनै चारओटा आधारभूत सीपहरू लेख्नुहोस् । (Write down any four foundamental skills of volleyball.)

प्र.नं.२०. योगबाट हुने कुनै दुईओटा फाइदा लेख्नुहोस् । (Mention any two advantages of Yoga.)

## समूह (ग) (Group C)

**लामो उत्तर आउने प्रश्नहरू (Long answer question.)** ५×४=२०

प्र.नं.२१. स्त्री प्रजनन् प्रणालीको भित्री अङ्गको सफा चित्र कोरी मुख्य अङ्गहरूको नाम लेख्नुहोस् । (Draw a neat and clean diagram of the female internal reproductive organ and label it's.)

प्र.नं.२२. क्यान्सरबाट बच्ने कुनै चार ओटा उपायहरू लेख्नुहोस् । (Write any four ways to prevent cancer.)

प्र.नं.२३. किशोरावस्थामा हुने यौन जिज्ञासालाई नियन्त्रण गर्नका लागि तपाईंले गर्न सक्ने कुनै चार उपायहरू लेख्नुहोस् । (Write any four ways that you can do to control the sex curiosity in adolescence stage.)

प्र.नं.२४. क्रिकेट खेलका कुनै चार आधारभूत नियमहरू लेख्नुहोस् । (Write any four foundamental rules of cricket.)

प्र.नं.२५. आश्चर्यको अभिव्यक्ति देखाउने मानव आकृतिको चित्र कोर्नुहोस् । (Draw a human face to show the expression of surprise.)

~ समाप्त ~